ADDCN ई बुलेटिन
Association of District Development Committees of Nepal
जिल्ला विकास समिति महासंघ नेपाल
Vol. 3 [Issue – 5] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) E-bulletin, 2013/14 December-January [2070 Poush]

# बाजुरा र कालीकोटमा जिल्ला आवधिक योजना तर्जुमा पूर्व तयारी कार्यशाला गोष्ठी सम्पन्न

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आगामी दुई वर्ष भित्र ७५ वटै जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने नीति रहे अनुसार विभिन्न जिल्लामा आवधिक जिल्ला विकास योजना तर्जुमाको प्रक्रिया शुरु भएको छ । यसै सन्दर्भमा बाजुरा र कालीकोट जिल्ला विकास समितिहरुले पनि आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने उद्धेश्यको साथ जिल्ला आवधिक योजना तर्जुमा पूर्व तयारी कार्यशाला गोष्ठी सम्पन्न गरेका छन् । यि दुवै जिल्लाहरुको जिल्ला आवधिक योजना तर्जुमाका सबै चरणहरुको सहजीकरण जिविस महासंघ नेपालले गर्ने भएको छ । प्रस्तुत छः बाजुरा तथा कालीकोट जिल्लामा सम्पन्न आवधिक योजना पूर्व तयारी कार्यशाला गोष्ठी सम्बन्धी विवरण ।

## बाजुरा

बाजुरा जिल्लाको जिल्ला आवधिक योजना तर्जुमा पूर्व तयारी कार्यशाला गोष्ठी यहि मंसिर २९ र ३० गते (१४-१५ डिसेम्बर, २०१३) सम्पन्न भएको छ । जिल्लाको विकासका सम्पूर्ण प्रमुख सरोकारवालाहरु जिल्ला विकास समिति बाजुरा, जिल्लामा रहेका राजनैतिक दलहरु, विषयगत कार्यलयहरु, अन्य सरकारी कार्यलयहरु, जिल्ला स्थित नागरिक संघसंस्थाहरु, विकास साझेदारहरु, सुरक्षा निकायहरु, बौद्धिक



व्यक्तित्वहरु, पत्रकारहरु, गाविस सचिवहरु आदिको उक्त दुई दिने उक्त कार्यशाला गोष्ठीमा सक्रिय सहभागिता रहेको थियो । जिविस बाजुराका स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद घिमिरेको अध्यक्षतामा भएको गोष्ठीको समुद्घाटन कार्यक्रममा प्रमुख अतिथि बाजुराका निमित्त प्रमुख जिल्ला अधिकारीले कुनै पनि जिल्लाको विकास गतिविधिलाई व्यबस्थित ढंगले अघि बढाउन आवधिक जिल्ला विकास योजना अत्यन्त महत्वपूर्ण हुने उल्लेख गर्नुभयो । त्यस्तै उद्घाटन कार्यक्रममा स्थानीय विकास अधिकारी श्री विष्णुप्रसाद घिमिरे, जिविस महासंघका प्रवक्ता एवं जिविस अछामका पूर्व सभापति श्री कृष्णप्रसाद जैसी लगायत सबै बक्ताहरुले जिल्ला आवधिक योजना निर्माणमा सबैको सहयोगको लाग अनुरोध गर्दै र यसको सही कार्यन्वयनको महत्वमाथि प्रकाश पार्नु भएको थियो । उद्घाटन पछि गोष्ठीको पहिलो दिन जिविस महासंघ नेपालका प्रवक्ता श्री कृष्णप्रसाद जैसी, कार्यकारी महासचिव श्री हेमराज लामिछाने र सहजकर्ता श्री विष्णुप्रसाद नेपाल, युनीसेफ नेपालका श्री राजेश राना, श्री मञ्जु वाग्ले र श्री रामप्रसाद गौतम र जिविस बाजुराका श्री निरज शाहीले आवधिक योजनासंग सम्बन्धित विभिन्न पक्षहरु बारे प्रस्तुती गर्नुभयो । दोश्रो दिन आवधिक योजना तजुर्माको सामान्य परम्परा र योजना आयोगले बनाएको आवधिक योजना दिग्दर्शन अनुसार सम्पूर्ण सहभागीहरुलाई उनीहरुले प्रतिनिधित्व गर्ने कार्यलय वा संस्थाहरुको प्रकृति अनुशार विभिन्न ५ वटा समितिहरुः आर्थिक समिति, सामाजिक समिति, भौतिक पूर्वाधार समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत तथा क्षमता विकास समितिहरुमा विभक्त गरिएको थियो । उक्त समितिहरुलाई जिल्ला पार्श्वचित्र निर्माण गर्ने आवश्यक तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि तयार गरिएको तथ्याङ्क संकलनको मस्यौदा ढाँचा माथि छलफल गरी आवश्यक सुझाव दिन जिम्मा दिइएको थियो । त्यसै गरी दोश्रो दिन जिल्ला पार्श्वचित्र तयारी कार्यतालिका र जिल्ला आवधिक योजना तर्जुमा कार्यतालिकालाई अन्तिम रुप दिइएको थियो ।

## कालीकोट

कालीकोट जिल्लाको जिल्ला आवधिक योजना तर्जुमा पूर्व तयारी कार्यशाला गोष्ठी यहि पौष ११ र १२ गते (२६-२७ डिसेम्बर, २०१३) सम्पन्न भएको छ । जिल्लाको विकासका सम्पूर्ण प्रमुख सरोकारवालाहरुः

जिल्ला विकास समिति कालीकोट, जिल्ला स्थित राजनैतिक दलहरु, विषयगत कार्यलयहरु, अन्य सरकारी कार्यलयहरु, जिल्ला स्थित नागरिक संघसंस्थाहरु, विकास साझेदारहरु, सुरक्षा निकायहरु, बौद्धिक व्यक्तित्वहरु, पत्रकारहरु, गाविस सचिवहरु आदिको दुई दिने उक्त कार्यशाला गोष्ठीमा सक्रिय सहभागिता रहेको थियो । जिविस कालीकोटका निमित्त स्थानीय विकास अधिकारी श्री दुर्गाप्रसाद चालिसेको अध्यक्षतामा सम्पन्न भएको गोष्ठीको समुद्घाटन कार्यक्रममा प्रमुख अतिथि कालीकोटका प्रमुख जिल्ला अधिकारी श्री किशोरकुमार चौधरीले आवधिक जिल्ला विकास योजनाको महत्व माथि प्रकाश पार्दै कुनै पनि जिल्लाको विकास गतिविधिहरुलाई दिशानिर्देशित गर्न हरेक जिल्लाले जिल्लाका प्रमुख सरोकारवालाहरु र विकास साझेदारहरुको सक्रिय सहभागितामा जिल्ला आवधिक योजना बनाउनु पर्छ र यसमा आफ्नो पनि पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यस्तै उद्घाटन कार्यक्रमका अन्य वक्ताहरु, संघीय मामिला तथा स्थानीय

विकास मन्त्रालयका प्रतिनिधि श्री श्रीकृष्ण पौडेल, जिविस महासंघका प्रवक्ता एवं जिविस अछामका पूर्व सभापति श्री कृष्णप्रसाद जैसी लगायत सबै बक्ताहरुले जिल्ला आवधिक योजना निर्माण र कार्यन्वयनमा जिल्लाका सबै सरोकारवालाहरुले ध्यान पुर्‍याउनुपर्ने कुरामा जोड दिएका थिए । दुई दिने गोष्ठीको पहिलो दिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका श्री श्रीकृष्ण पौडेल, जिविस महासंघ नेपालका प्रवक्ता श्री कृष्णप्रसाद जैसी, कार्यकारी महासचिव श्री हेमराज लामिछाने र सहजकर्ता श्री विष्णुप्रसाद नेपाल, जिविस



कालीकोटका निमित्त स्थानीय विकास अधिकारी दुर्गाप्रसाद चालिसे, युनीसेफ नेपालका श्री राजेश राना र एलजिसिडिपिका भगीरथ भट्टले आवधिक योजनासंग सम्बन्धित विभिन्न पक्षहरु बारे प्रस्तुती गर्नुभयो । दोश्रो दिन आवधिक योजना तर्जुमाको सामान्य परम्परा र योजना आयोगले बनाएको आवधिक योजना दिग्दर्शन अनुसार सम्पूर्ण सहभागीहरुलाई उनीहरुले प्रतिनिधित्व गर्ने कार्यालय वा संस्थाहरुको प्रकृति अनुसार विभिन्न ५ वटा समितिहरुः आर्थिक समिति, सामाजिक समिति, भौतिक पूर्वाधार समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत तथा क्षमता विकास समितिहरुमा विभक्त गरिएको थियो । उक्त समितिहरुलाई जिल्ला पार्श्वचित्र निर्माण गर्न आवश्यक पर्ने तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि तयार गरिएको तथ्याङ्क संकलनको मस्यौदा ढाँचा माथि छलफल गरी सुझाव दिन जिम्मा दिइएको थियो । उक्त समितिहरुले आ–आफ्नो सुझावहरुलाई पृष्ठपोषणको रुपमा पूर्ण बैठकमा प्रस्तुत गरेका थिए भने सोहि दिन पार्श्वचित्र तयारी कार्यतालिका र जिल्ला आवधिक योजना तर्जुमा कार्यतालिकालाई अन्तिम रुप दिइएको थियो ।

# नविकरणीय ऊर्जा श्रोतको दक्ष जनशक्ति अभिवृद्धि सम्बन्धी कार्यक्रम, दोलखा

२०७० पौष १४ गते, जिल्ला विकास समिति, दोलखा र जिल्ला विकास समिति महासंघ नेपालको संयुक्त आयोजनामा जिविस दोलखाको सभाहलमा नविकरणीय ऊर्जा दक्ष जनशक्ति अभिवृद्धि गर्ने उद्देश्यले १ दिने कार्यशाला गोष्ठी सम्पन्न भयो । स्थानिय विकास अधिकारी श्री टुवराज पोखरेलको अध्यक्षतामा भएको थियो । उक्त कार्यक्रमको उद्देश्य माथि प्रकास पार्दै जिविस महासंघ नेपालका केन्द्रिय सदस्य श्री भरत बहादुर खड्काले गर्नु भएको थियो । जिविसमा रहेको ऊर्जा तथा वातवरण इकाईलाइ आन्तरिकिकरण गर्नुपर्ने र त्यसको लागि महासंघ लागिरहेको जानकारी गराउनु भयो । त्यसै गरि जिविस महासंघ नेपालका ऊर्जा तथा वातावरण विज्ञ ई. प्रकाश ज्ञवालिले विकेन्द्रिकृत ऊर्जा व्यवस्थापनमा जिविसको भुमिका




तथा नेपाल सरकारको नयाँ ऊर्जा नितिका बारेमा कार्यपत्र पेश गर्नु भएको थियो । त्यसैगरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र नविकरणीय ऊर्जा स्रोतका तर्फबाट कार्यक्रम परामर्शदाता श्री पंकज कुमारले जनशक्ति अभिवृद्धि सम्बन्धि परिपत्र पेश गर्नु भएको थियो । साथै नविकरणीय ऊर्जा स्रोतमा कसरी जनशक्ति अभिवृद्धि गर्ने सम्बन्धमा खेलको माध्यमबाट जनतालाइ प्रकाश पार्नु भएको थियो ।

त्यस पछि छलफल कार्यक्रममा बढि भन्दा बढि क्षमता अभिवृद्धि कार्यक्रमको आवश्कता रहेको जानकारी भएको थियो । अन्तमा जिविस महासंघ नेपालका केन्द्रिय सदस्य श्री लाल कुमार के.सी.ले कार्यक्रममा उपस्थित सबैलाइ धन्यवाद ज्ञापन गर्नुका साथै राजनितिक दलका प्रतिनिधिहरुलाइ ऊर्जा क्षेत्रको विकासका लागि आउँदो परिषद्मा बढि बजेट विनियोजनको लागि जोड दिनु भयो । कार्यक्रमको अन्तमा स्थानिय विकास अधिकारी श्री टुवराज पोखरेलले वैकल्पिक ऊर्जा नेपालको मुख्य स्रोत भएकोले यसलाइ परिवर्तन गरि नविकरणिय ऊर्जा नाम दिनु पर्ने र महासंघमा रहेको जिल्ला ऊर्जा नेटवर्कलाइ क्रियाशिल बनाउन सम्बन्धित निकायको ध्यान पुगोस भन्दै उपस्थित सबैलाइ धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

## "स्थानीय निकायको निर्वाचनको अपरिहार्यता आजको आवश्यकता र स्थानीय स्तरमा लोकतन्त्र सवलीकरण विषय" राष्ट्रिय कार्यशाला गोष्ठीमा जिविस महासंघ नेपालको सहभागिता

किस कन्सेर्टियम संस्थाको अगुवाइमा यही २०७० पुस ८-९ गते **"स्थानीय निकायको निर्वाचनको अपरिहार्यता आजको आवश्यकता र स्थानीय स्तरमा लोकतन्त्र सवलीकरण विषय"** राष्ट्रिय कार्यशाला गोष्ठी प्रमुख अतिथि निर्वाचन आयोगका आयुक्त निलकण्ठ उप्रेतीको उपस्थितिमा सम्पन्न भएको थियो । उहाँले स्थानीय निकायको निर्वाचन मुलुक र जनताको लागि अपरिहार्य भएको छ । सरकारले निर्वाचन आयोगलाई स्थानीय निर्वाचनका लागि पत्र पठाई दिएको अवस्थामा निर्वाचन आयोग निर्वाचन गर्न तयार रहेको कुरा व्यक्त गर्नु भयो । कार्यशाला गोष्ठीमा विभिन्न दलका प्रतिनिधिहरुको सहभागी थियो । सबैको एउटै चाहाना स्थानीय निकायको निर्वाचनको अपरिहार्यताको बारे नै थियो । विभिन्न संघ/संस्थाका सहभागीहरुले सबैले आ-आफ्ना धारणा राख्नु भएको थियो । कार्यशाला गोष्ठीमा जिविस महासंघ नेपालको केन्द्रिय सदस्य भरत बहादुर खड्काले भाग लिनु भएको थियो ।

# बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्र्तगत रहेका क्षेत्रीय कार्यालयहरुले गर्ने नविकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी कार्य जिल्ला परिषद्मा समावेश गर्ने सम्बन्धमा

बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अर्न्तगत रहेका क्षेत्रीय कार्यालयहरुले गर्ने नविकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी कार्य जिविसको योजना तर्जुमामा समावेश गर्ने कार्यक्रम २०७० पुस २१ गते मकवानपुर जिल्लाको हटिया गा.वि.स र २०७० पुस २२ गते जिल्ला विकास समिति मकवानपुर तथा २०७० पुस २४ गते पाल्पा जिल्लाको भैरवस्थान गा.वि.स. र २०७० पुस २५ गते जिल्ला विकास समिति पाल्पामा एक/एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ नेपालका तर्फबाट महासंघका केन्द्रिय सदस्य भरत बहादुर खड्का तथा ऊर्जा तथा वातावरण विज्ञ ई. प्रकाश ज्ञवालिले नविकरणीय ऊर्जा प्रवर्द्धनमा जिल्ला विकास समितिको भूमिका, गाउँ विकास समितिको भूमिका, बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तगत रहेका क्षेत्रीय कार्यालयहरुले गर्ने नविकरणीय ऊर्जा सम्बन्धी कार्य र जिल्ला विकास



समिति महासंघ नेपाल अर्न्तगत रहेको प्राकृतिक स्रोत ऊर्जा तथा वातावरण इकाईले नविकरणीय ऊर्जा प्रवर्द्धनमा गरेका कार्यहरुको प्रस्तुत गर्नु भएको थियो ।

अधिकृत बसन्त पाठकले जिल्लाको ऊर्जा अवस्था समस्या र चुनौती विषय कार्यविधि प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी ऊर्जा तथा वातावरण ईकाइ जिल्ला विकास समिति, पाल्पाका सहायक ऊर्जा तथा वातावरण अधिकृत करुणा सागर पण्डितले जिल्लाको ऊर्जा अवस्था, समस्या र चुनौती विषय कार्यविधि प्रस्तुत गर्नु भएको थियो ।

जिविस मकवानपुरका स्थानीय विकास अधिकारी गोकर्ण प्रसाद शर्माज्यूले आउँदो जिल्ला परिषद्मा ऊर्जा तथा वातावरण इकाईलाई आन्तरिकीकरण गर्ने सम्बन्धमा सक्रिय भूमिका निर्वाह गर्ने तथा नविकरणीय ऊर्जाको महत्वबारे बताउनु भएको थियो ।

जिविस पाल्पाका स्थानीय विकास अधिकारी दीर्घ बहादुर पोखरेलज्यूले बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्रदान गर्ने नविकरणीय ऊर्जा सम्बन्धी अनुदान रकम जिविस मार्फत जानुपर्नेमा जोड दिनु भएको थियो । त्यसैगरी पाल्पा जिल्लाका माननीय सांसद हरि नेपालले अनुदान रकम धेरै भएतापनि जनताले त्यसको प्रत्यक्ष लाभ लिन नसकेको हुँदा अनुदान नितीमै सुधार्नुपर्ने कुरामा जोड दिनु भयो र पाल्पा जिल्लामा पानीको समस्याको कारण खोलाको पानी तान्नका लागि Solar Pumping System Pilot Project निर्माणको लागि जिविस महासंघ नेपाललाई पहल गरिदिन अनुरोध गर्नुभयो । त्यसै गरी पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराज जोशीले नविकरणीय ऊर्जाको महत्वमाथी जोड दिनु भएको थियो ।

बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अर्न्तगत रहेको RESDTN क्षेत्रीय कार्यालयका सव-इन्जिनियर अनिल श्रेष्ठले मकवानपुर जिल्लामा नविकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी गरेका र आगामी वर्ष गर्ने कार्यविधि प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी पाल्पा जिल्लामा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अर्न्तगत रहेको DCRDC क्षेत्रीय कार्यालयका फिल्ड को-अर्डिनेटर शिव जि.सीले पाल्पा जिल्लामा नविकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी गरेका र आगामी वर्ष गर्ने कार्यविधि प्रस्तुत गर्नु भएको थियो ।



# Sharing of Lessons Learned of DPP processed in Kathmandu

A series of meetings were held on January 15 and 16 with UNICEF Nepal regarding DPP formulation process. The main objective of the meeting was to share the lessons learned from the process of the DPP initiated in Saptari, Humla, Bajura and Kalikot and to build consensus among ADDCN, NAVIN and UNICEF Nepal about the process and steps to be taken in the future. The persons involved in the DPP formulation process from the side of UNICEF Nepal, ADDCN and NAVIN were present in the meeting. There was discussion about the roles to be played from the side of UNICEF Nepal, Ministry of Federal Affairs and Local Development (MoFALD) ADDCN and NAVIN. One common understanding of the meetings was that the active participation of political parties in the whole DPP processes should be ensured so that they will own the DPP in the future. Similarly, the meeting on January 16 focused on the agenda such as sharing the lessons learned of DPP formulation process initiated with MoFALD, the ways to make the DPP formulation process more effective etc.

The major issues discussed in the meeting were as follows.

1. MoFALD should coordinate line ministries and send directives to respective district line agencies for their active participation in the whole DPP processes. For that it is urgent to hold a joint meeting under the chairmanship of Vice-Chair of NPC in Kathmandu.
2. The thematic issues must be collected through the Illaka level planning workshops
3. DDCs should ensure the participation of chief of each political parties in DPP processes
4. The orientation session on Appreciate Inquiry needs to be conducted for the better ownership of DPP of political parties,
5. Rigorous follow up is needed for data collection of district profile by ADDCN and NAVIN.

UNICEF team will provide technical feedback during the whole processes of DPP and coordinate in district and center as and when needed

# “हार्दिक बधाई तथा धन्यवाद्”



श्री रामचन्द्र पोखरेल

हाल जिल्ला विकास समिति महासंघ नेपालका केन्द्रिय सदस्य तथा डोटी जिल्ला विकास समितिका पूर्व निर्वाचित सभापति **श्री भरत बहादुर खड्का** तथा जिल्ला विकास समिति महासंघ नेपालका संस्थापक प्रवक्ता एवं जिविस तनहुँका पूर्व निर्वाचित सभापति **श्री रामचन्द्र पोखरेल** दोस्रो संविधान सभामा माननीय सदस्यका रुपमा समानुपातिक तर्फबाट छनौट हुनु भएकोमा यस जिल्ला विकास समिति महासंघ नेपाल उहाँहरुप्रति हार्दिक बधाई ज्ञापन गर्दै धन्यवाद व्यक्त गर्दछ ।



श्री भरत बहादुर खड्का

साथै निम्नानुसारका जिल्ला विकास समितिका पूर्व निर्वाचित सभापति, उपसभापति एवं जिविस महासंघ नेपालका केन्द्रिय सदस्यहरुले दोश्रो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष तर्फ विजयी हालिस गर्नु भएकोमा जिविस महासंघ नेपाल उहाँहरुप्रति हार्दिक बधाई ज्ञापन गर्दै धन्यवाद व्यक्त गर्दछ ।

| | |
|---|---|
| **श्री जीवन बहादुर शाही** | - पूर्व निर्वाचित सभापति जिविस, हुम्ला |
| **श्री टिकाराम चेम्जोङ्ग** | - पूर्व निर्वाचित सभापति जिविस, धनकुटा |
| **श्री नवराज शर्मा** | - पूर्व निर्वाचित सभापति जिविस, म्याग्दी |
| **श्री मानप्रसाद खत्री** | - पूर्व निर्वाचित सभापति जिविस, बझाङ्ग |
| **श्री गणेश सिंह ठगुन्ना** | - पूर्व निर्वाचित सभापति जिविस, दार्चुला |
| **श्री नरबहादुर चन्द** | - पूर्व निर्वाचित सभापति जिविस, बैतडी |
| **श्री मोहन बानियाँ** | - पूर्व निर्वाचित सभापति जिविस, मुगु |
| **श्री जमिन्द्रमान घले** | - पूर्व निर्वाचित सभापति जिविस, लमजुङ्ग |
| **श्री वैजनाथ चौधरी (थारु)** | - पूर्व निर्वाचित सभापति जिविस, नवलपरासी |
| **श्री रामेश्वर फ्याँल** | - पूर्व निर्वाचित उप-सभापति जिविस, काठमाडौं |
| **श्री जयन्ती राई** | - पूर्व निर्वाचित उप-सभापति जिविस, भोजपुर |
| **श्री रामहरि सुवेदी** | - पूर्व निर्वाचित सदस्य जिविस, काभ्रे |
| **श्री कमला महत्तो** | - पूर्व निर्वाचित सदस्य जिविस, सर्लाही |
| **श्री लालबहादुर रावल** | - पूर्व निर्वाचित सदस्य जिविस, बझाङ्ग |

संविधान सभामा उहाँले विकेन्द्रीकरण र स्थानीय स्वशासनका विविध सवालहरुमा महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै राज्य पुर्नसंरचनाको महत्वपूर्ण विषय स्थानीय सरकारहरुको संवैधानिक व्यवस्था सम्बन्धमा जिल्ला विकास समिति महासंघ नेपालको संस्थागत विचारहरुलाई दृढताका साथ पैरवी र वकालती गर्न सफल हुनु हुनेछ भन्ने पुर्ण विश्वास व्यक्त गर्दछ ।




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको बुधबार साँझ ५:३० देखि ५:५५ बजेसम्म र पुनः प्रशारण बुधबार राती ११:३० देखि ११:५५ बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ९८४१ ४२४६६०*
*ईमेल : mdrc100@gmail.com, shivaregmi@gmail.com*